**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०७ मई २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- **राष्ट्रपति द्रौपदी मुर्मुले भारत र भियतनामको ऐतिहासिक, सभ्यतागत र सांस्कृतिक सम्बन्धमा गहिरो मित्रता रहेको बताउनु भएको छ ।**
- **रक्षा मन्त्री राजनाथ सिंह अनि चीफ अफ डिफेन्स स्टाफ जनरल अनिल चौहान आज जयपुरमा हुने संयुक्त कमाण्डरहरूको सम्मेलनको दोस्रो संस्करणमा भाग लिनुहुनेछ।**
- **पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथ ग्रहण समारोह ९ मईमा कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा हुँदैछ।**
- **केन्द्रीय कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले सरकार कृषक तथा निर्यातकर्ताहरूको सबै समस्याहरू समाधान गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ।**
- **मुख्यमन्त्री सम्राट चौधरीको नेतृत्वमा आज बिहार मन्त्रिमण्डलको विस्तार हुदैछ।**

**<u>राष्ट्रपति द्रौपदी मुर्मु- भियतनामका राष्ट्रपति</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले भारत र भियतनामको ऐतिहासिक, सभ्यतागत र सांस्कृतिक सम्बन्धमा गहिरो मित्रता रहेको बताउनु भएको छ । हिज साँझ राष्ट्रपति भवनमा भियतनामका राष्ट्रपति तो लामलाई स्वागत गर्नुहुदै यस्तो मन्तब्य पोख्नु भएको हो। उहाले भन्नुभएको छ -भारत-भियतनाम सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीमा उन्नयनले द्विपक्षीय सहयोगलाई गति प्रदान गर्ने मात्र होइन, यस क्षेत्रमा शान्ति र समृद्धिमा पनि योगदान गर्नेछ। हालैका वर्षहरूमा भारत-भियतनाम द्विपक्षीय सम्बन्ध उच्च-स्तरीय आदान-प्रदान, रक्षा र सुरक्षा सहयोग, विकास साझेदारी र व्यापार, स्वास्थ्य, विज्ञान प्रधौगिकी र पर्यटन जस्ता क्षेत्रहरूमा विस्तार भएको राष्ट्रपति मुर्मुले उल्लेख गर्नुभयो। उहाले भ्रमणका क्रममा दुर्लभ पृथ्वी मिनरल्स, डिजिटल तथा वित्तीय तकनिकी , संस्कृति र शिक्षाजस्ता महत्वपूर्ण क्षेत्रमा सम्झौता तथा घोषणा भएकोमा खुसी व्यक्त गर्नुभयो ।

**<u>प्रधानमंत्री नरेन्द्र मोदी - वियतनाम राष्ट्रपति</u>**

प्रधान मन्त्री नरेन्द्र मोदी अनि भियतनामका राष्ट्रपति ताव लामबीच भएको वार्तामा भारत र भियतनामले द्विपक्षीय व्यापार, निवेश र तकनिकी साझेदारी बढाउनका लागि सरकारी र व्यापारिक स्तरमा सहयोग सुदृढ गर्ने सहमति भएको छ। हिज नयाँ दिल्लीमा द्विपक्षीय वार्तापछि संवाददाताहरूलाई जानकारी दिंनुहुदै विदेश मन्त्रालयका पूर्व सचिव पी कुमारनले भन्नुभयो, प्रधानमन्त्री श्री मोदी र राष्ट्रपति ताउ लामले व्यापक चर्चा गर्नुभयो तथा द्विपक्षीय सम्बन्धका सबै पक्षहरूको समीक्षा भएको थियो र आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूमा विचारहरू आदानप्रदान गनुभएको थियो। उहाँले अझ भन्नुभयो, दुवै देशहरूले आ-आफ्नो देशमा कृषि उत्पादनहरू लगायत विभिन्न बजारहरूमा पहुँच प्रदान गर्नेछन्। श्री कुमारनले दुवै पक्षले मानक अनुपालन प्रमाणीकरण सहित दुवै देशका कम्पनीहरूको लागि व्यापार गर्न सजिलो बनाउनको लागि अनुकूल नियामक वातावरण सिर्जना गर्ने तरिकाहरूमा सहमति व्यक्त गरेको बताउनुभएको छ।

<u>1-Byte पी कुमारन</u>

**<u>रक्षा मन्त्री राजनाथ सिंह जयपुर</u>**

रक्षा मन्त्री राजनाथ सिंह र चीफ अफ डिफेन्स स्टाफ जनरल अनिल चौहान आज जयपुरमा हुने संयुक्त कमाण्डरहरूको सम्मेलनको दोस्रो संस्करणमा भाग लिनुहुनेछ। 'नयाँ क्षेत्रमा सैन्य क्षमता' विषयमा आधारित दुई दिवशीय सम्मेलनले अपरेसन

सिन्दुरको पहिलो वार्षिकोत्सवको अवसरमा महत्व राख्दछ । रक्षा मन्त्रालयले भनेको छ , सम्मेलनले साइबर, अन्तरिक्ष र संज्ञानात्मक युद्धको उदीयमान क्षेत्रहरूमा चुनौतीहरूको मूल्यांकन गर्न र निर्णायक धारका साथ लचिलो र भविष्यको लागि तयार शक्तिको लागि क्षमता विकासको लागि मार्गचित्र तयार गर्न एक महत्त्वपूर्ण मञ्च प्रदान गर्नेछ।

**पश्चिम बंगाल - भाजपा सरकार -शपथ ग्रहण -9 मई**

पश्चिम बंगालमा नयाँ भाजपा सरकारको शपथ ग्रहण समारोह ९ मईमा कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा हुँदैछ । राज्य भाजपा अध्यक्ष समिक भट्टाचार्यले कार्यक्रम बिहान १० बजे शुरु हुने बताउनु भएको छ । कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र भाजपा शासित राज्यका कैयौँ मुख्यमन्त्रीहरु सामेल हुने बताइएको छ । ब्रिगेड परेड ग्राउन्ड ऐतिहासिक रूपमा बङ्गालमा प्रमुख राजनीतिक रैलीहरु र जन आन्दोलनहरूको केन्द्र भएकाले यस स्थलको चयन प्रतीकात्मक रहेको छ।

2-Byte-कोलकाता

**केंद्रीय वित्त मंत्री - वियतनाम वित्त मंत्री**

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले हिज नयाँ दिल्लीमा भियतनामका वित्त मन्त्री नो वान तुआनसँग भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा, श्रीमती सीतारमणले बैठक अवधि , दुवै पक्षहरूले भारत-भियतनाम व्यापक रणनीतिक साझेदारीको 10 वर्ष पूरा भएकोमा स्वागत गर्नुहुदै यसको निरन्तर सुदृढीकरण र विस्तारको माथी ध्यान दिएको बताउनु भयो 1

**केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान**

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले हिज नयाँ दिल्लीमा विद्यालय प्रबन्धन समिति एस.एम.सी का लागि दिशानिर्देशहरू जारी गर्नुभयो। कार्यक्रममा बोल्नुहुदै श्री प्रधानले विद्यालय प्रबन्धन समितिले विद्यार्थी, शिक्षक र समाजबीच महत्वपूर्ण पुलको काम गर्ने बताउनु भयो । उहाले अझ भन्नुभयो - राष्ट्रिय शिक्षा नीति 2020, समग्र शिक्षा अभियान र शिक्षाको अधिकार अधिनियम 2009 ले विकेन्द्रीकृत शासनको एक महत्त्वपूर्ण तत्वको रूपमा एस.एम.सी.हरूको गठनमा महत्त्वपूर्ण जोड दिदछ । उहाले भन्नुभयो - विद्यालय शिक्षालाई तल्लो तहसम्म सुदृढ बनाउन एस.एम.सीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**विदेश मंत्री डॉ. एस. जयशंकर कैरेबियन देश -यात्रा**

**विदेशमन्त्री डा. एस जयशंकर क्यारेबियन देशहरुको आधिकारिक यात्रामा सुरिनाम पुग्नुभएको छ I श्री जयशंकरले सुरिनामका विदेश मन्त्री मेल्भिन बोउवासँग भेट गर्नुभयो । यात्राको क्रममा उहाले महात्मा गान्धी, बाबा र माई स्मारकमा श्रद्धाञ्जली अर्पण गर्नुभयो , जुन सुरिनाम आउने पहिलो हिन्दुस्तानीको प्रतीक हो।**

**कृषि एवं कृषक कल्याण मन्त्री**

केन्द्रीय कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले सरकार कृषक तथा निर्यातकर्ताहरूको सबै समस्याहरू समाधान गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ 1 लखनउमा फल निर्यातकर्ता र अन्य हितधारकहरूसँग कुराकानी गर्नुहुदै उहाले भन्नुभयो - 'फ्रुट होराइजन २०२६' कार्यक्रमको उद्देश्य देशमा फलहरुको उत्पादन, गुणवत्ता सुधार, प्रसंस्करण र निर्यातलाई बढावा दिनु हो। उहाले अझ भन्नुभयो - यो कार्यक्रम कृषक , वैज्ञानिक, निर्यातकर्ता र अन्य हितधारकहरूलाई साझा मंचमा ल्याएर फल क्षेत्रलाई नयाँ दिशा दिने प्रयास हो। केन्द्रीय मन्त्री श्री चौहानले आज लखनऊको केन्द्रीय उपोष्ण बागवानी संस्थान, रहमानखेड़ा स्थित 'फ्रूट होराइजन २०२६' को उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुनेछ।

**बिहार मन्त्रिमण्डलको विस्तार**

मुख्यमन्त्री सम्राट चौधरीको नेतृत्वमा आज बिहार मन्त्रिमण्डलको विस्तार हुदैछ Iभाजपाका राज्य अध्यक्ष सञ्जय सरावगीका अनुसार पटनाको गान्धी मैदानमा हुने शपथग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित

शाहसहित धेरै वरिष्ठ नेता र मन्त्रिमण्डलका सदस्यहरू उपस्थित रहनेछन् । कार्यक्रममा एनडीएका वरिष्ठ नेताहरू पनि उपस्थित रहनेछन्। शपथ ग्रहण समारोह दिउँसो १२ बजेर १० मिनटमा शुरु हुनेछ ।

**केंद्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मंत्री भूपेंद्र यादव**

केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवले हिज साँझ नयाँ दिल्लीमा पहिलो अन्तर्राष्ट्रिय बिग क्याट एलायन्स शिखर सम्मेलन २०२६ को वेबसाइट र लोगो अनावरण गर्नुभयो। यस अवसरमा उहाले समिटमा आधारित प्रचार फिल्मको पनि विमोचन गर्नुभयो । यस अवसरमा बोल्नुहुदै मन्त्री श्री यादवले विश्वका प्रतिष्ठित बाघहरूको संरक्षणमा समर्पित ऐतिहासिक विश्व सम्मेलनको दिशामा यो शिखर सम्मेलन महत्वपूर्ण उपलब्धि भएको बताउनु भयो ।

**सरकार - घरेलू एलपीजी वितरण**

सरकारले भनेको छ , देशभरि आन्तरिक एलपीजी वितरण सामान्य रूपमा जारी छ र कुनै पनि एलपी वितरकबाट आपूर्तिको कुनै कमी आएको छैन। पेट्रोलियम एवम् प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय पत्रकार सम्मेलनमा भन्नुभयो, "पश्चिम एसियाई संकटको समयमा घरेलु एलपीजी उपभोक्ताहरूलाई खाना पकाउने १०० प्रतिशत र व्यावसायिक एलपीजी उपभोक्ताहरूलाई ७० प्रतिशत आपूर्ति सुनिश्चित गर्न सरकारले सबै प्रयास गरिरहेको छ।

**3-Byte सुजाता शर्मा**